REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 06.02.2025

## Tarundeep Bronze Medal

अन्तर्राष्ट्रिय धनुकाँड़ खेलाड़ी तरूणदीप राईले उत्तराखण्डको देहरादुनमा भइरहेको अड़तीसौं राष्ट्रिय खेलमा कास्य पदक जितेर सिक्किमलाई गौरवान्वित तुल्याउनुभएको छ।

प्रसिद्ध धनुर्धर श्री राईलाई आज भएको Archery Recurve प्रतिस्पर्दामा यो पदक प्राप्त भएको हो।

राष्ट्रिय खेलमा सिक्किमको जीतबारे देहरादुनबाट बोल्दै टोलीसित जानुभएका सिक्किम ओलेम्पिक संघका महासचिव जसलाल प्रदान भन्नुहन्छ।

यसैबीच मुख्यमन्त्री प्रेमसिंह तामाङले यो उल्लेखनीय उपलब्धिका लागि धनुर्धर तरूणदीप राईलाई वधाई दिनुभएको छ।

सोसल मीडिया पोस्टमा श्री तामङले भन्नुभएको छ- श्री राईको समर्पण, लगनशीलता र अद्वितीय कौशलले राज्यलाई फेरि गौरव हासिल भएको छ र यसद्वारा अनेकौं आकांक्षी खेलाड़ीहरूलाई प्रेरणा तथा प्रोत्साहन प्राप्त भएको छ। यहाँहरूलाई थाहै होला राष्ट्रिय खेलमा यसपालि छ वटा खेलहरूले सिक्किमले प्रतिद्वन्दिता गरिरहेछ।

## ROPEWAY PROJECT CM

राजधानी गान्तोकमा आधुनिक घिर्लिङ व्यवस्था शुरू गरेर शहरी परिवहन पूर्वाधारमा परिवर्तन ल्याउने योजना छ।

घिर्लिङ परियोजनाका लागि राज्यको तयारीबारे विचार विमर्श गर्न गान्तोकमा आज उच्च स्तरीय बैठक बस्यो।

मुख्यमन्त्री प्रेमसिंह तामङले अध्यक्षता गर्नु भएको बैठकमा सिक्किम घिर्लिङ ऐन 2023 अनुरूप परियोजनाको रूपरेखा र कार्यान्वयन सम्वन्धमा चर्चा भयो।

गान्तोकमा वाहनहरूको खचाखचलाई कम्ती गर्ने र पर्यटनको प्रबर्ध्यन गर्ने उदेश्य रहेको यो परियोजना राज्यका वासिन्दाहरू र पर्यटकहरूका लागि असल र दिगो विकल्प हुनेछ।

बैठकमा शहरी विकास विभागको तर्फबाट मुख्यमन्त्रीलाई केबल कार व्यवस्थाको आवश्यकता सम्भाव्यता र लाभहरूबारे जानकारी दिइयो।

सिक्किमको प्रगति र राज्य स्थापनाको पचासौं वर्षगाँठलाई ध्यानमा राखेर यस परियोजनाको पुनर्नामाङ्कन गरी गोल्डन जुबली केबल कार राखिएको छ।

यो पहिला दिगो शहरी विकास र गान्तोकलाई क्षेत्रमा नमूना शहरको स्थान दिने नवोन्मेषी परिवहन समाधानप्रतिको प्रतिवद्धता दर्शाउँछ।

## ASKCBK MEETS CM

अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघले आफ्नो स्थापना दिवस यसै महीना छब्बीस तारीकका दिन मनाउने भएको छ।

यस अवसरमा गेजिङ जिल्लाको क्योङसा मैदानमा भव्य समारोह आयोजित गरिनेछ।

संघका अध्यक्ष नारायण खतिवड़ाले गान्तोकमा आज एउटा पत्रकार सम्मेलनमा बताउनु भए अनुसार समारहोमा समुदायको सांस्कृतिक चिन्हारी, संस्कार तथा परम्परा झल्काइनेछ।

खस समुदायकगो सांस्कृतिक विरासतको प्रर्बध्यन र शैक्षिक विकास गर्नु यसका उद्देश्य रहेको छ।

यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित रहनुहुने आशा छ।

संघले त्यस दिन राज्यका एकतीस समष्टिका प्राथमिक पाठशलाहरूका पुस्तकालयहरूलाई पुस्तक प्रदान गर्ने भएको छ।

## PARIKSHA PE CHARCHA

सम्वादात्मक कार्यक्रम  परीक्षा पे चर्चाको आठौं संस्करण आठ एपीसोडको नयाँ प्रारूपमा आयोजित गरिने भएको छ।

यो कार्यक्रम नयाँ दिल्लीको भारत मण्डपममा यसै महीना दस तारीक आयोजित हुनेछ।

शिक्षा मन्त्रालयको भनाइमा क्रायक्रमको नयाँ प्रारूपमा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्व विद्यार्थीहरूसित कुराकानी गरी आफ्नो अनुभव तथा ज्ञान साझा गर्नेछन्।

कार्यक्रममा प्रत्येक राज्य र केन्द्रशासित प्रदेशका विभिन्न स्कूलहरूबाट छत्तीसजना विद्यार्थीहरूलाई चयन गरिएको छ।

परीक्षा पे चर्चाको पहिलो प्रकरणमा प्रधानमन्त्रीले विद्यार्थीहरूसित बातचीत गर्नुहुनेछ।

## Cricket

रम्फु माइनिङको सिक्किम क्रिकेट मैदानमा भइरहोक स्वर्गीय विनोद प्रधान स्मारक ट्रफी 2025 अन्तर्गत आज भएका म्याचहरूमा Royal North Brothers र Youksom Capitals विजयी भए।

पहिलो खेलमा Royal North Brothers ले आइरिसेस क्रिकेट क्लबलाई एकानब्बे रनले र दोस्रो म्याचमा Yuksom Capitals ले र Avengers क्रिकेट क्लबलाई सात विकेटले पराजित गर्यो।

हिजोदेखि शुरू भएको T-20 क्रिकेट टुर्नामेण्टमा आठ टीमले भाग लिइरहेछन्।

## Weather

राज्यमा आज दिउँसो आकाश खुल्ला रहेर केही समयसम्म घाम लागेकाले मानिसहरूले जाड़ोदेखि हलुका राहतको अनुभव गरे।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान पन्ध्र डिग्री सेल्सियस र न्यूनतम तापमान नौ दशमलउ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि न्यूनतम तापमान आठ डिग्री सेल्सियस रहनेछ।